प्रतिलिपि अधिकार ऐन २०५९को
दफा ३९ बमोजिम स्थापित

MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

ने.प्र.अ.र.का. द.नं. १/०६३/०६४

# सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल

स्था: २०६४

प.स. ०८२/०८३
च.नं. १६१

मिति : २०८२/०४/१३ गते

श्रीमान् प्रहरी केन्द्रीय प्रहरी प्रवक्ताज्यू
नेपाल प्रहरी, मुख्य कार्यालय
नक्साल, काठमाण्डौं ।

**बिषय: स्रष्टा सर्जकको सिर्जनाको अधिकार संरक्षणको लागी आवश्यक सहयोग गरिदिनु हुने सम्बन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा स्रष्टा सर्जकको बौद्धिक सम्पत्ति सिर्जनालाई प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३ ले संरक्षण गर्नुका साथै प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ बमोजिम संरक्षित बौद्धिक सम्पत्ति सिर्जनाको सार्वजनिक सञ्चार अथवा प्रयोगको लागि अनुमतिपत्र जारी गर्नका लागि ऐ.ऐ. ऐन, २०५९ को दफा ३९ बमोजिम गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको सार्वजनिक सञ्चार अथवा प्रयोगको अनुमति पत्र जारी गर्न अथवा कृतिश्व रोयल्टी संकलन गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यलयमा एउटा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित **संगीत रोयल्टी संकलन समाज नेपाल** २०६४ सालमा दर्ता भएको एक (Music Licensing) अनुमति पत्र जारी गर्ने संस्था हो ।

नेपालको संविधान प्रदत्त मौलिक हक अन्तरगत स्रष्टा सर्जकको सिर्जना बौद्धिक सम्पत्तीका रुपमा स्थापित सम्पत्तिको अधिकार हो । साहित्यक, कलात्मक तथा गीतसंगीत रचना जस्ता बौद्धिक सम्पत्तिको संरक्षण प्रतिलिपि अधिकार ऐन,२०५९ को दफा ३ मा कुनै पनि स्रष्टा सर्जकहरुको रचनालाई प्रतिलिपि अधिकारको संरक्षण प्राप्त हुने व्यवस्था गर्नुका साथै ऐ.ऐ. ऐनको दफा २५ ले कस्तो अवस्थामा संरक्षित अधिकारको उल्लङघन भएको मानिने र ऐ. ऐ. ऐनको दफा २७ मा संरक्षित अधिकारको उल्लङघन गरिएको पाईएमा दण्ड सजाय समेतको व्यवस्था गरिएको छ । सो कारण कानूनी जनचेतनाका लागी तहाँ श्री नेपाल प्रहरीको समाचार तथा प्रहरी अनुरोध कार्यक्रम जस्ता कार्यक्रमवाट गीतसंगीत जस्ता बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धिको कानूनी व्यवस्थालाई सार्वजनिक सञ्चार अथवा प्रयोगकर्ताहरुलाई सुसूचित गर्न **तपसिलका** सूचना मूलक सामाग्री सम्प्रेसन गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**संगीत रोयल्टी संकलन समाज नेपाल**
**सम्पर्क नं.०१-४७७०२८९**

प्र.म.नि. को सचिवालय
नेपाल प्रहरी प्रधान कार्यालय
दर्ता नं.: ४२२
दर्ता मिति: २०८२/४/१८

**भवदीय**

.....................

सुरेश अधिकारी
अध्यक्ष

# अत्यन्तै जरुरी सूचना

गीतसंगीत जस्ता बौद्धिक सम्पत्ति सार्वजनिक संचार अथवा प्रयोग गर्नु पूर्व प्रतिलिपि अधिकार ऐन,२०५९ को दफा २५ बमोजिम सार्वजनिक संचार अथवा प्रयोगको अनुमति प्रतिलिपि अधिकार ऐन,२०५९ को दफा ३९ बमोजिम गठित संगीत रोयल्टी संकलन समाज नेपालबाट लिएर मात्र सार्वजनिक संचार अथवा प्रयोग गरौं । बिना अनुमति पत्र गीतसंगीतको सार्वजनिक संचार अथवा प्रयोग गर्नु प्रतिलिपि अधिकारको हनन् हुन् हो । प्रतिलिपि अधिकार हनन् गर्दा प्रतिलिपि अधिकार ऐनले तोकेको कसूरको मात्र अनुसार दश हजार रुपैंया देखी एक लाख सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय हुनेछ । दोस्रो पटक देखि पटकै पिच्छे बीस हजार रुपैया देखि दुई लाख रुपैयाँसम्म जरिवाना वा एक बर्ष सम्म कैद सजाय हुनेछ । गलत कार्यमा प्रयोग भएका सामग्री जफत गर्ने एंव नोक्सानी वापतको क्षतीपुर्ति भराउने समेत कानूनी व्यवस्था छ । त्यसैले बिना अनुमति गीतसंगीतको सार्वजनिक संचार अथवा प्रयोग नगरौं । कानूनी झन्झटमा नफसौं । स्रष्टा र सिर्जनालाई सम्मान गरौं ।

**संगीत रोयल्टी संकलन समाज नेपाल**
**सम्पर्क नं.०१-४७७०२८९**